# प्रभु बैंक लिमिटेड र छिमेक लघुवित्त वित्तीय संस्था लि. को तपसिल बमोजिमको संस्थापक समूहको शेयर बिक्री गर्नका लागि गोप्य शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

**शिलबन्दी बोलपत्र पेश गर्ने शुरु मिति : २०८२/३/३ गते**
**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८२/३/१० गते**

तपसिलमा उल्लेखित कम्पनीहरुको केही संस्थापक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको देहाय बमोजिमको कम्पनीहरुको शेयर बिक्री गर्ने भएकोले तपसिल बमोजिमका कम्पनीको शेयर खरीद गर्न योग्य इच्छुक सम्बन्धित कम्पनीको विद्यमान संस्थापकहरु वा जो कोहि व्यक्ति, कम्पनी, संघ, संस्थाहरुले **मिति २०८२ साल असार १० गते** कार्यालय समयभित्र तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ। विद्यमान संस्थापकहरुलाई प्राथमिकता दिई यस भन्दा अगाडी नै सम्बन्धित कम्पनीले ३५ दिने सूचना प्रकाशित गरिसकेको व्यहोरा यसै सूचनाद्वारा विद्यमान संस्थापकहरुलाई जानकारीको लागि अनुरोध गर्दछौं।

**तपसिल**

| सि.नं. | बोलपत्र आवेदन फाराम पाइने र बुझाउने स्थान (संकलन केन्द्र): |
|---|---|
| १ | श्री मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौ। |

**तपसिल**

| सि.नं. | कम्पनीहरुको नाम | जम्मा कित्ता | न्यूनतम मूल्य | न्यूनतम आवेदन दिनुपर्ने कित्ता |
|---|---|---|---|---|
| १ | प्रभु बैंक लिमिटेड | ९,८८२ | ११०० | १,००० |
| २ | छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड | २,४४,४८० | ३९० | ५०,००० |

**शर्तहरुः**

१. माथि उल्लेखित कम्पनीहरुको शेयर खरिदका लागि प्रचलित कानून बमोजिम योग्य लगानीकर्ताहरु सहभागी हुन सक्ने छन्।
२. बोलपत्र आवेदन फारम माथि उल्लेखित संकलन केन्द्रबाट रु.१००/- नगद भुक्तानी गरी प्राप्त गर्न सकिने छ।
३. बोलपत्र आवेदन फाराममा आफूले लिन चाहेको शेयर कित्ता संख्या, प्रति कित्ताको दर रेट अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ। अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरमा लेखेकोलाई मान्यता दिइने छ। केरमेट भएको ठाउँमा दस्तखत गर्नु पर्नेछ। धेरै नै केरमेट भई कबुल गरेको मूल्य रकम नबुझिने गरी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन।
४. शेयर खरीदको लागि बोलकबोल गर्दा प्रभु बैंक लिमिटेड न्यूनत्तम १,००० कित्ताको लागि र छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेडको लागि न्यूनत्तम ५०,००० कित्ताको लागि आवेदन दिनु पर्नेछ भने अधिकतम माथि उल्लेखित सम्पूर्ण शेयर संख्याको लागि आवेदन दिन सकिनेछ। तर शेयर खरीद गर्न आवेदन गरेको कुल शेयर कित्ता जोड्दा सम्बन्धित नियमनकारी निकायले एउटा व्यक्ति वा संस्थाले खरीद गर्न वा राख्न पाउने भनी तोकेको अधिकतम सख्या सीमा भन्दा बढी नहुने गरी आवेदन पेश गर्नु पर्नेछ। दशमलवमा (खण्डित रुपमा) आउने गरी शेयर आवेदन गर्न पाइने छैन।
५. शिलबन्दी खाम बाहिर "**आफूले लिन चाहेको सम्बन्धित कम्पनीको नाम तथा संस्थापक शेयर खरीद आवेदन**" उल्लेख गरेको हुनु पर्नेछ। गोप्य शिल्ड बोलपत्रमा लाहाछाप गरिएको हुनुपर्ने छ। साथै आवेदन दिँदा हरेक कम्पनीको लागि छुट्टाछुट्टै आवेदन फाराम र शिलबन्दी खाम पेश गर्नु पर्ने छ।
६. बोलपत्र पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको आजको मिति २०८२/३/३ पश्चात् सम्वन्धित कम्पनीबाट घोषणा हुने हकप्रद शेयर, बोनश शेयर तथा लाभांश स्वीकृत आवेदनकर्ताहरुले प्राप्त गर्ने छन्।
७. बोलपत्रवालाले आफूले खरीद गर्न चाहेको शेयरको सम्पूर्ण रकम शेयर खरीद आवेदन फाराममा उल्लेखित बैंक खातामा नगद जम्मा गरि सोको सक्कल बैंक भौचर वा मुक्तिनाथ क्यापिटल लिमिटेडको नाममा जारी गरिएको Good for Payment Cheque वा Manager's Cheque संलग्न गरी शिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ। यदी चेक भुक्तानी नभएमा दरखास्त फाराम स्वतः रद्द हुनेछ। साथै Good for payment cheque or Manager's Cheque मार्फत आवेदन गर्नेको हकमा चेक क्लियरिङ्ग शुल्क वापतको रकम आवेदक स्वयंले व्यहोर्नुपर्नेछ।
८. शेयर खरीद गर्न ईच्छुक बोलपत्रदाताले सम्बन्धित नियमनकारी निकायको संस्थापक शेयरधनीको लागि तोकिएको Fit & Proper Test को विवरण, कर्जा सूचना केन्द्रको कालोसूचिमा समावेश नभएको पत्र, आयश्रोत खुल्ने कागजातको प्रतिलिपि, नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नुपर्नेछ। साथै, विद्यमान संस्थापकहरुको हकमा आफ्नो आय श्रोतको विवरण वा स्वःघोषणा समेत पेश गर्नुपर्नेछ।
९. सबैभन्दा बढी मुल्यमा बोलकबोल गर्ने आवेदकलाई शेयर बिक्री गरिनेछ। यसबाट पनि शेयर बाँकी रहेमा त्यस पछिको बढी बोलकबोल गर्नेलाई बिक्री गरिनेछ। बोलकबोलमा शेयर बिक्री गर्दै जाँदा अन्तिम मुल्यमा दुई वा दुई भन्दा बढी आवेदकहरु पर्न गएमा बोलकबोलबाट बाँकी भएको शेयरहरु माग भएको शेयर संख्याको सापेक्षिक भार अनुसार दामासाहीले बाँडफाँड गरिनेछ।
१०. कम्पनीको विद्यमान शेयरधनीले शेयर खरीदको लागि आवेदन पेश गरेको अवस्थामा शेयरधनी नम्बर र हितग्राही खाता नं. उल्लेख गर्नुपर्नेछ।
११. प्राप्त बोलपत्रहरु मिति २०८२/०३/११ गते बिहान ११:०० बजे मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौंमा प्राप्त आवेदनहरु खोलिनेछ। उक्त दिन बिदा परेमा कार्यालय खुलेको दिन बिहान १०:०० बजे खोलिनेछ।
१२. आवेदक संगठित संघ/संस्था/कम्पनी भएमा दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, शेयर खरीद गर्ने सम्बन्धमा सो संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपि र विगत २ आर्थिक वर्षदेखि संस्था मुनाफामा रहेको प्रमाणित गर्ने कागजात समेत पेश गर्नुपर्नेछ। साथै उक्त संस्था नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन अनुसार संस्थापक शेयर खरिद गर्न योग्य हुनु पर्नेछ॥
१३. म्याद नाघि आएको वा रित नपुगेको आवेदन उपर कुनै कारवाही गरिने छैन।
१४. बाँडफाँडमा परेको शेयर तथा सो बाट प्राप्त हुने बोनस र हकप्रद शेयर आवेदकको नाममा प्रचलित कानुन बमोजिम शेयर खरीद कारोवार तथा नामसारी गरिनेछ। कुनै पनि अवस्थामा आवेदकले ब्याज वा कुनै किसिमको माग दावी गर्न सक्ने छैन। शेयर खरीद कारोवार तथा नामसारी गर्दा तिर्नु बुझाउनु पर्ने ब्रोकरेज लगायत सम्पूर्ण दस्तुर र शुल्क आवेदक स्वयंले व्यहोर्नु पर्नेछ।
१५. लिलाम बढबढ गर्दा सबै शेयर खरीदका लागि दरखास्त नपरे पनि बाँडफाँडमा परेको शेयर सम्बन्धित निवेदकलाई बाँडफाँड गरिने छ र बाँकी रहेका शेयर सम्बन्धित बिक्रेताको स्वीकृतीमा पुनः लिलाम बढाबढ गरि बिक्री गरिने छ।
१६. शेयर बाँडफाँड सम्बन्धी कुनै बिबाद उत्पन्न भएमा नियमनकारी निकायको राय सुझाव लिई सोही वमोजिम बिबादको समाधान गरिनेछ र सो निर्णय खरीदकर्ता तथा बिक्रेता दुबैलाई मान्य हुनु पर्दछ।

**बिक्री प्रबन्धकः**


**मुक्तिनाथ क्यापिटल लि.**
**MUKTINATH CAPITAL LTD.**
A Subsidiary of Muktinath Bikas Bank Ltd.

प्रधान कार्यालय, नारायणचौर, नक्साल, काठमाण्डौं
फोन नं. ४५४६१०८/०९/४५४६४७०
इमेलः info@muktinathcapital.com
वेभसाइटः www.muktinathcapital.com